# रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सिजुवा, मोरङ
प्रदेश नं. १ नेपाल

प.सं.: ०७६/०७७
च.नं.: ६४१

मिति : २०७६/०८/०१

श्री वडा कार्यालयहरु सबै ,
रतुवामाई नगरपालिका मोरङ ।

विषय : सूचना टाँस गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट मिति २०७६/०६/२९ च नं १६७ को पत्रानुसार वैदेशिक रोजगार , नियमावली २०६४ को पाँचौ संशोधनले वैदेशिक रोजगार बोर्ड सचिवालयबाट प्रदान गरिने आर्थिक सहायता पाउन सम्बन्धित स्थानीय तहमा निवेदन दिन सकिने व्यवस्था गरेकाले सो सम्बन्धी यसै पत्रसाथ संलग्न सूचना तहाँ वडाका सर्वसाधारणले समेत जानकारी पाउने गरि सार्वजानिक स्थलमा टाँस गरि सोको जानकारी रतुवामाई नगरपालिकाको रोजगार सेवा केन्द्रमा आउने व्यवस्था मिलाउनु हुन आदेशानुसार अनुरोध छ ।

........................................
राजेन्द्र भट्टराई
प्रमुख प्रशासकिय अधिकृत

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय

२०६४

# बोर्डबाट आर्थिक सहायताकालागि स्थानीय तहबाट निवेदन दिने व्यवस्था सम्बन्धी सूचना

वैदेशिक रोजगार नियमावली (पाँचौ संशोधन), २०६४ अनुसार वैदेशिक रोजगारमा गएका कामदारको करार अवधि भित्र वा करार अवधि समाप्त भएको एकबर्ष भित्र कुनै कारणले मृत्यु भएमा मृत्यु भएको मितिले एकबर्ष भित्र आर्थिक सहायताको लागि बोर्ड सचिवालय समक्ष प्रमाणित कागजात सहित निवेदन दिन सक्ने व्यवस्था भएको छ।

यसरी आर्थिक सहायताको लागि निवेदन दिदा निवेदक स्वयं बोर्डको सचिवालयमा उपस्थित भएर वा सम्बन्धित स्थानीय तह मार्फत् समेत दिन सकिने व्यवस्था गरेको छ। यसरी स्थानीय तह मार्फत निवेदन दिएको हकमा सम्बन्धित स्थानीय तहले निवेदन प्राप्त भएको सात दिन भित्र प्राप्त कागजात, प्रमाण सिफारिस सहित सक्कलै निवेदन बोर्डको सचिवालयमा पठाई सोको जानकारी निवेदकलाई दिनुपर्ने छ।

बोर्डबाट आर्थिक सहायता रकम प्राप्त गर्न देहाय बमोजिमका कागजातहरु निवेदनका साथ पेश भएको खण्डमा नजिकको हकवालाको बैङ्क खातामा सिधै जम्मा गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| क.सं. | मृतक कामदारका हकवालाले आर्थिक सहायताको लागि निवेदन पेश गर्नु पर्ने कागजातहरु। |
|---|---|
| १ | राहदानीमा गन्तव्य मुलुकमा पुगेको प्रमाणित हुने छाप भएको पृष्ठ र राहदानीवाहकको राहदानी नं, नाम र फोटो भएको पृष्ठको प्रतिलिपि। |
| २ | विदेश स्थित रोजगारदाता कम्पनी, नियोग/अस्पतालको मृत्युको प्रमाण र शव ल्याउदाको प्रज्ञापन पत्रको प्रतिलिपि (विदेशमा मृत्यु भएको हकमा) |
| ३ | नेपालमा मृत्यु भएकाको हकमा निज वैदेशिक रोजगारीबाट फर्केको आगमनको छाप लागेको पृष्ठको प्रतिलिपि |
| ४ | स्थानीयतहले प्रदान गरेको मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपि |
| ५ | हकवालाको नागरिकता/नाता प्रमाणित र अविवाहित भए स्थानीय तहबाट अविवाहितको सिफारिस पत्र। |
| ६ | स्थानीय तहबाट हकवाला खुलेको फोटो र बैङ्को नाम / शाखा र बैंकखाता नं. रुजु सहितको बैंकको पत्र। |
| ८ | नजिकको हकवालाको पासपोर्ट साइजको एक प्रति फोटो। |

- **मृत्यु भएको मितिले १ वर्ष भित्र आर्थिक सहायताको लागि निवेदन दिनु पर्नेछ।**
- **पेश भएका प्रमाणित कागजात संलग्न गरी सम्बन्धित न.पा./गा.पा.को प्रमुख प्रशासकिय अधिकृतबाट सिफारिस भएको हुनुपर्नेछ।**
- **आर्थिक सहायताका लागि दिइने निवेदन र स्थानिय तहको सिफारिसको ढाँचा सचिवलायको वेब साईट www.fepb.gov.np बाट प्राप्त गर्न सकिने छ।**

नोट: यस सम्बन्धी थप जानकारीको लागि कल सेन्टरको ११४१ वा टोल फ्रि नं १६६००१५०००५ मा सम्पर्क गर्नु हुन अनुरोध छ।